# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुर पश्चिम प्रदेश, नेपाल

प.सं.: २०७७/७८
च. नं. .............

### प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२२)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/०७८, च.नं.२३ को मिति २०७७/४/१२ को पत्रानुसार यस धनगढी उप-महानगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | प्रविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-
(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा डिप्लोमा तह उत्तीर्ण भएको,
(ख) अनुभव र सीप : प्रविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्ने सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

२. दरखास्त दिने स्थान :- धनगढी उप-महानगरपालिकाको कार्यालय, धनगढी कैलाली ।
३. दरखास्त दिने अन्तिम मिति :- २०७७/५/४ गते वेलुका ५ बजे भित्र,
४.सम्पर्क मिति:- २०७७/०५/५ गते विहान ११ बजे, नगरकार्यपालिकाको कार्यालय, रोजगार सेवा केन्द्र धनगढी, कैलाली ।
५. आवेदन दस्तुर :- रु. १०००
६. छनौटको किसिम :- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा
७. आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको काजगातका प्रतिलिपिहरु
- नागरिकता
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने काजगात

८. सेवा सुविधाः- *गाउँपालिका तथा नगरपालिकामा प्रविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया* को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
९. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:- *गाउँपालिका तथा नगरपालिकामा प्रविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया* को दफा (९) बमोजिम हुनेछ ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र धनगढी उप-महानगरपालिकाको वेवसाइट www.dhangadhimun.gov.np मा उपलब्ध छ ।

...................
(नारायण प्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत :-०९१-५२०४२९,योजनाशाखा ०९१-५२५५०६, रोजगार सेवा केन्द्र: ०९१-५२१९२६
वेव साईट www.dhangadhimun.gov.np email address: rojgarsewakendradhn@gmail.com